# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०३।१२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु खत्याड गाउँपालिका वडा नं. ४ स्थित गुगियाचौरमा प्रदेश सरकारबाट रकम प्राप्त भई आ.व. २०७६/०७७ मा सकिनुपर्ने योजनाको कामै नगरी काम सम्पन्न भएको प्रतिवेदन तयार गरी बिल भुक्तानी लगायतका कार्य गरी आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **कृषि विकास कार्यालय, मुगुका तत्कालीन नि.कार्यालय प्रमुख पंचलाल बुढाले** आ.व. २०७६/०७७ मा संचालन भएको खत्याड गाँउपालिका वडा नं. ४ स्थित खिराचौर कृषि सिंचाई निर्माण योजना अधुरो र समयमा काम नगर्ने उपभोक्ता समिति तथा अन्य संलग्नहरुलाई नियमानुसार कारबाही गर्नु पर्नेमा सो नगरी निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई सोही बमोजिमको कार्य स्वीकार प्रतिवेदन तयार/प्रमाणित गरी भुक्तानीको लागि टिप्पणी उठाउन लगाई भुक्तानीको लागि आदेश गरी रु.१२,८३,०३४।७७ उपभोक्ता समितिलाई बढी भुक्तानी दिई निज पंचलाल बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.१२,८३,०३४।७७ (बाह्र लाख त्रियासी हजार चौतीस रुपैयाँ सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिबाना गरी बिगो असुलउपर हुन एवं निजले भए गरेको कार्य भन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी नापी किताब प्रतिवेदनमा चढाई सोहीबमोजिमको कार्य स्वीकार प्रतिवेदन तयार/प्रमाणित गरी भुक्तानीको लागि आदेश गरेको देखिँदा निज पंचलाल बुढाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ।

**कृषि विकास कार्यालय, मुगुका तत्कालीन सव-इन्जिनियर राजेन्द्र शाही र प्रा.स सहायक स्तर पाँचौ टेक बहादुर खत्री**ले निर्माण योजनाको स्थलगत अनुगमन तथा नापजाँच गरी नापी किताव लगायतको वास्तविक प्रतिवेदन दिनुपर्नेमा निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी नगरे नगराएको परिमाणको कार्य भएको भनी गलत स्थलगत प्रतिवेदन, नापी किताब तथा कार्य स्वीकार प्रतिवेदन/प्राविधिक प्रतिवेदन तयार गरी भुक्तानी सिफारिस गरी सोही बमोजिम रु.१२,८३,०३४।७७ उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिँदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निजहरु राजेन्द्र शाही र टेक वहादुर खत्रीलाई बिगो रु.१२,८३,०३४।७७ (बाह्र लाख त्रियासी हजार चौतीस रुपैयाँ सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिबाना गरी बिगो असुलउपर हुन एवं भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी गलत स्थलगत प्रतिवेदन, नापी किताब तथा कार्य स्वीकार प्रतिवेदन/प्राविधिक प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको हुँदा निजहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजायसमेत हुन मागदावी लिइएको छ।

साथै, **उपभोक्ता समितिका अध्यक्ष हस्त बहादुर रोकाया, कोषाध्यक्ष अमना कुमारी रोकाया, सचिव भुवन रावल**ले कृषि विकास कार्यालय, मुगुसँग सम्झौता गरेको शर्त एवं सम्झौता बमोजिमको कार्य नगरी निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी नगरे/नगराएको परिमाणको कार्य भएको भनी बिल भरपाई लगायतका कागजात पेश गरी भुक्तानी लिई निजहरु हस्त बहादुर रोकाया, अमना कुमारी रोकाया, भुवन रावलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निजहरुलाई बिगो रु.१२,८३,०३४।७७ (बाह्र लाख त्रियासी हजार चौतीस रुपैयाँ सतहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

भोला दाहाल